# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

२०७९।०८।१८

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वउपसभापति तथा मधेस मिडिया काउन्सिलका अध्यक्ष वरिष्ठ पत्रकार शिवहरि भट्टराईको ६५ वर्षको उमेरमा भएको असामयिक निधन दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको छ ।

महासंघ सर्लाही शाखाको मंसिर १७ गते शनिबार हुने साधारणसभाको निमन्त्रणामा मंसिर १६ गते शुक्रबार सर्लाही पुगी लालबन्दी-१३ पत्थरकोटास्थित होलिडे रिसोर्टमा साँझ खाना खाएर सोही होटलमा बसेका वरिष्ठ पत्रकार भट्टराई सुतेको कोठमा नै मृत अवस्थामा भेटिनु भएको थियो ।

विगत चार दशकदेखि सक्रिय पत्रकारिता गरिरहेका वरिष्ठ पत्रकार भट्टराई महासंघ सप्तरी शाखाको संस्थापक सभापति हुनुहुन्थ्यो । महासंघको केन्द्रीय निर्वाचन समितिको संयोजकको भूमिका समेत निभाइ सक्नुभएको वरिष्ठ पत्रकार भट्टराईलाई महासंघले २०७५ सालमा कृष्णप्रसाद 'भट्टराई स्मृति पत्रकारिता पुरस्कार' बाट सम्मानित गरेको थियो ।

उहाँको निधनले नेपाली पत्रकारिता जगत्ले एक परिपक्क, योग्य, अनुभवी र एकजना मूर्धन्य व्यक्तित्व गुमाएको छ भने महासंघले अभिभावक गुमाएको छ । उहाँको निधनलाई महासंघले पत्रकारिता जगतको अपूरणीय क्षतिको रूपमा लिएको छ । उहाँले पत्रकारिता क्षेत्रमा पुऱ्याउनु भएको योगदानको नेपाली पत्रकारिता जगत्ले सदा स्मरण गरिरहनेछ । स्वर्गीय भट्टराईका श्रीमती, दुई छोरा र एक छोरी हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय भट्टराईप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

**गोविन्दप्रसाद चौलागाई**
**सचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org